# वातावरण तथा औद्योगीकरण व्यवस्थापन शुल्क छुट सम्बन्धी सूचना

प्रदेश आर्थिक ऐन अनुसारको वातावरण तथा औद्योगीकरण व्यवस्थापन शुल्क बुझाउन बाँकी **ईटा उद्योग, सिमेन्ट उद्योग, नदीजन्य पदार्थ प्रशोधन (क्रसर) उद्योग, टायल/कङ्क्रिट ब्लक उत्पादन गर्ने उद्योगले** विगत आ.व.को बाँकी रकम **२०८२ चैत्र मसान्त** भित्र बुझाएमा सोमा लाग्ने **जरिबाना तथा ब्याज छुट** हुने र आर्थिक वर्ष २०७९/८० भन्दा अघिको शुल्क, दस्तुर, ब्याज, जरिवाना पूर्ण रुपमा छुट हुने व्यवस्था कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा १८ मा उल्लेख रहेको हुँदा जिल्ला स्थित **घरेलु तथा साना उद्योग कार्यालयमा** शुल्क दाखिला गर्नु हुन यो सूचना जारी गरिएको छ।

थप जानकारीका लागि- प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी। pro.koshi.gov.np

सम्पर्कः-०२५-५९०७१९/९८६२९७९५१८ इमेलः-pro.koshi82@gmail.com

# वातावरण तथा औद्योगिकरण व्यवस्थापन शुल्क सम्बन्धी प्रावधान

(कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-११ मा तोकिएको शुल्क एवम् **दफा १८ बमोजिमको शुल्क र छुट** सहित)

| क्र.सं. | उद्योगको प्रकार | उद्योगको प्रकृति/ इकाई | विगत आर्थिक वर्षको बुझाउनु पर्ने शुल्क दर रु. (२०८२ चैत्र मसान्तसम्म बुझाउनु पर्ने) | | | | चालु आ.व. २०८२/८३ को दर (२०८३ असारसम्म दाखिला गर्नुपर्ने) | **कुल जम्मा** (विगत र चालु आ.व.को) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | **जम्मा** | | |
| १. | **सिमेन्ट उद्योग**बाट उत्पादित सिमेन्ट निकासी गर्दा | प्रतिबोरा (पचास केजी) को | रु. ०।२५ का दरले | रु. ०।२५ का दरले | रु. ०।२५ का दरले | उत्पादन/ निकासी अनुसार हुने रकम | रु. ०।२५ का दरले *(त्रैमासिक रुपमा)* | उत्पादन/ निकासी अनुसार हुने रकम |
| २. | नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धूलो, ग्राभेल उत्पादन गर्ने उद्योग | **साना** (कुल पुँजी १५ लाख सम्म) | - | २५,०००।- | २५,०००।- | **५०,०००।-** | २५,०००।- | **७५,०००।-** |
| | | **मझौला** (कुल पुँजी १५ देखि ३० लाख सम्म) | - | ५०,०००।- | ५०,०००।- | **१,००,०००।-** | ५०,०००।- | **१,५०,०००।-** |
| | | **ठूला** (कुल पुँजी ३० लाख भन्दा बढी) | - | ७५,०००।- | ७५,०००।- | **१,५०,०००।-** | ७५,०००।- | **२,२५,०००।-** |
| ३. | ईटा उत्पादन गर्ने उद्योग | प्रति चिम्नी (वार्षिक) | - | ५०,०००।- | ५०,०००।- | **१,००,०००।-** | ५०,०००।- | **१,५०,०००।-** |
| ४. | टायल/कङक्रिट ब्लक उत्पादन गर्ने उद्योग | **साना** (कुल पुँजी १५ लाख सम्म) | - | १५,०००।- | १५,०००।- | **३०,०००।-** | १५,०००।- | **४५,०००।-** |
| | | **मझौला** (कुल पुँजी १५ देखि ३० लाख सम्म) | - | २५,०००।- | २५,०००।- | **५०,०००।-** | २५,०००।- | **७५,०००।-** |
| | | **ठूला** (कुल पुँजी ३० लाख भन्दा बढी) | - | ५०,०००।- | ५०,०००।- | **१,००,०००।-** | ५०,०००।- | **१,५०,०००।-** |
| ५. | भेनियर पत्ता उत्पादन गर्ने उद्योग | प्रति उद्योग (वार्षिक) | - | - | - | - | २५,०००।- | **२५,०००।-** |
| ६. | वन पैदावारमा आधारित उद्योग | वन कार्यालयमा सुचीकृत र नवीकरण हुने | - | - | - | - | १,०००।- | **१,०००।-** |

*पुनश्चः विगतको आ.व.को शुल्क दाखिला गरेमा अन्य बाँकी रहने रकम र सो भन्दा अघिका आर्थिक वर्षमा आर्थिक ऐन बमोजिम तोकिएको शुल्क, दस्तुर, व्याज तथा जरिवाना **पूर्णरुपमा छुट** हुनेछ। क्र.सं.१ देखि ५ सम्मका उद्योगले जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा शुल्क दाखिला गर्नु पर्नेछ।*